# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको अर्थ मन्त्रालयसंग सम्बन्धित सार्वजनिक विवरण



नेपाल सरकार

अर्थ मन्त्रालय

मंसीर , २०७३

# भूमिका

नेपालको संविधान को धारा २७ ले सूचनाको हकलाई नागरिकका मौलिक हकको रूपमा स्थापित गरेको छ। आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि सूचना पाउने नागरिकको उक्त मौलिक हकको प्रचलनका लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन्। सार्वजनिक महत्वका सूचनामा आम नागरिकको सरल र सहज पहुंच पुर्यानई सूचनाको हकको संरक्षण गर्नु तथा राष्ट्र र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्नु सार्वजनिक निकायको दायित्व हो। उल्लिखित दायित्वलाई आत्मसात गर्दै अर्थ मन्त्रालयले सो ऐनको दफा ५(३) तथा नियमावलीको नियम ३ ले सार्वजनिक गर्नुपर्ने भनी किटान गरेका सूचनाहरू हरेक तीन तीन महिनामा सार्वजनिक गर्दै आएको छ । यो विवरणमा आ. व. २०७३/७४ को कार्तिक मसान्त सम्ममा भएका महत्वपूर्ण कार्यहरू, मुलुकको आर्थिक क्रियाकलाप सम्बन्धी विवरणहरू र ऐन तथा नियमावलीले तोकेका अन्य विवरणहरू समावेश गरिएको छ । प्रस्तुत सार्वजनिक विवरणले अर्थ मन्त्रालयबाट सम्पादित काम कारवाहीका सम्बन्धमा सर्बसाधारणमा सूचना प्रवाह हुने तथा सुधारका सम्बन्धमा पृष्टपोषण प्राप्त हुने विश्वास लिएको छु । साथै, सूचनामा सर्वसाधारण नागरिकको हक सुनिश्चित गर्ने अर्थ मन्त्रालयको प्रतिबध्दता पुनः व्यक्त गर्दछु ।

२०७३ मंसिर ३० गते ।

शान्तराज सुबेदी
सचिव

# विषय सूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १. | अर्थ मन्त्रालयको परिचय र उद्धेश्य | १ |
| २. | संगठनात्मक स्वरुप | ३ |
| ३. | कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था | ४ |
| ४. | कार्य क्षेत्र | ५ |
| ५. | अर्थ मन्त्रालयले गर्ने कार्य र सेवा | ६ |
| ६. | सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पर्क टेलिफोन नम्बर | ६ |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ६ |
| ८. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ७ |
| ९. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ८ |
| १०. | सम्पादन गरेको मुख्य मुख्य कामको विवरण | ८ |
| ११ | निकायगत उपलब्धिहरू | १४ |
| १२. | सूचना अधिकारी र प्रमुखको नाम तथा सर्म्पर्क टेलिफोन नम्बर | २१ |
| १३. | ऐन, नियम र निर्देशिकाको सूची | २१ |
| १४ | आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण | २३ |
| १५. | अन्य विवरण | २६ |
| १६. | अनुसुचीहरु | |

## १.	अर्थ मन्त्रालयको परिचय र उद्धेश्य

### (क) पृष्ठभूमिः

समष्टिगत आर्थिक नीतिहरुको तर्जुमा र कार्यान्वयनको माध्यमबाट मुलुकको आर्थिक विकासमा अर्थ मन्त्रालयको नेतृत्वदायी भूमिका रहेको छ । मुलुकको आर्थिक,वित्तीय तथा मौद्रिक क्षेत्रसंग सम्वन्धीत सम्पूर्ण नीति तर्जुमा , कार्यान्वयन तथा अनुगमन र व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ।नेपाल सरकारको वार्षिक बजेट तर्जुमा र बजेटको कार्यन्वयन , सार्वजनिक खर्च व्यवस्थापन, सार्वजनिक वित्तीय व्यवस्थापन, आन्तरिक राजस्व व्यवस्थापन तथा स्रोत परिचालन, समष्टिगत आर्थिक स्थायित्व , अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन तथा व्यवस्थापन, विदेशी विनिमय नियन्त्रण तथा नियमन, राजस्व चुहावट नियन्त्रण , सम्पति शुद्धिकरण अनुसन्धान आदि बिषयहरु अर्थ मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछ । त्यसैगरी सामान्य मूल्य नीति , सार्वजनिक ऋण व्यवस्थापन , सार्वजनिक संस्थान व्यवस्थापन तथा नेपाल सरकारको आर्थिक प्रशासनको जिम्मेवारी पनि यही मन्त्रालयको हो साथै वित्तिय क्षेत्र व्यवस्थापन, विमा र पुंजी बजार पनि अर्थ मन्त्रालयको कार्य क्षेत्र भित्र पर्दछ । वित्तीय नीति मार्फत अर्थ मन्त्रालयले मुलुकको सम्पूर्ण आर्थिक क्षेत्रलाई गतिशील बनाउँदछ ।

### (ख) दृष्टिकोणः

सबल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने।

### (ग) ध्येयः

आन्तरिक राजस्वको आधारलाई सुदृढ गर्दै उपलव्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुर्या उने।

### (घ) रणनीतिः

#### (१) समष्टिगत लक्ष्यः

मुलुकमा उपयुक्त आर्थिक नीति तर्जुमा गर्न योगदान गर्ने र आर्थिक नीति व्यवस्थापनको कार्य गर्ने।

#### (२) कार्यनीतिक लक्ष्यहरुः

- राजस्व प्रणालीलाई सरल बनाउने, करका आधार फराकिलो गर्ने र उपयुक्त करका दरहरु तोक्ने।
- कर प्रशासनको दक्षता र प्रभावकारीतामा सुधार गर्ने।
- प्राथमिकता प्राप्त क्षेत्रहरुको लागि बढी दक्ष, प्रभावकारी र न्यायोचित रुपमा साधनको बाँडफाँड गर्ने नीति अवलम्वन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरुको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।

- सरकारी स्वामित्वका संस्थानहरुलाई कुशल बनाउनका लागि निजीकरण नीतिका साथै आवश्यक अन्य नीतिहरु अवलम्वन गर्ने।
- पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक क्षेत्रका कर्मचारीहरुको लागि प्रभावकारी र उचित तलबमान एवं प्रोत्साहन प्रणाली अवलम्वन गर्ने।
- प्रभावकारी सार्वजनिक खर्च नीतिहरुको तर्जुमा र कार्यान्वयन गर्ने।
- वैदेशिक सहायताबाट प्राप्त स्रोतहरुको व्यवस्थापनको लागि प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने।
- सार्वजनिक र निजी क्षेत्रवीच विश्वासको वातावरण कायम गर्दै समग्र आर्थिक विकासमा निजी क्षेत्रको संलग्नताको लागि अनुकूल वातावरणको सृजनामा सहयोग गर्ने।

**(ङ) रणनीतिक उद्देश्यहरुः**

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान दिने।
- प्राथमिक स्वास्थ्य सेवा, प्राथमिक शिक्षा र ग्रामीण पूर्वाधार विकास जस्ता सामाजिक -आर्थिक पूर्वाधार र बढी मात्रामा गरिबी निवारणोन्मुख क्षेत्र अनुकूल हुने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने।
- बढी भन्दा बढी राजस्व वृद्धि हुने उपाय अपनाउने।
- प्रभावकारी र दक्ष सेवाको प्रत्याभूतिको लागि बजेट सहयोग उपलव्ध गराउने।
- मागमा आधारित वैदेशिक सहयोग परिचालन गर्ने र वैदेशिक सहयोगको प्रभावकारीतामा सुधार गर्ने।
- सार्वजनिक संस्थानहरुमा प्रभावकारी वित्तीय व्यवस्थापन अभ्यासहरुको प्रत्याभूति गर्ने र तिनीहरुले प्रदान गर्ने सेवाहरुमा सुधारगर्ने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने।

## २.संगठनात्मक स्वरुपः



## ३ कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | मौजुदा दरवन्दी | पदपूर्तिको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पुर्ति | रिक्त | |
| १ | सचिव | विशिष्ट | प्रशासन | - | - | १ | १ | ० | |
| २ | सचिव (राजस्व) | विशिष्ट | प्रशासन | - | - | १ | १ | ० | |
| ३ | सह सचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | - | ८ | ८ | ० | |
| ४ | सह सचिव | रा.प.प्रथम | न्याय | कानून | | १ | १ | ० | |
| ५ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | राजस्व | - | ३२ | ३२ | ० | |
| ६ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | - | १ | १ | ० | |
| ७ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | - | ४ | ३ | १ | |
| ८ | उप सचिव | रा.प.द्वितीय | न्याय | कानून | - | १ | १ | ० | |
| ९ | कम्प्युटर निर्देशक | रा.प.द्वितीय | विविध | - | - | १ | १ | ० | |
| १० | वरिष्ठ तथ्याङ्कशास्त्री | रा.प.द्वितीय | रा.यो.त. | तथ्याङ्क | - | १ | १ | ० | |
| ११ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजस्व | - | ४० | ३७ | ३ | |
| १२ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | - | ४ | ४ | ० | |
| १३ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | कानून | - | १ | १ | ० | |
| १४ | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | विविध | तथ्याङ्क | - | १ | १ | ० | |
| १५ | कम्प्युटर ईन्जिनियर | रा.प.तृतीय | विविध | | - | ३ | ३ | ० | |
| १६ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | - | १ | १ | ० | |
| १७ | अर्थशास्त्री | रा.प.तृतीय | विविध | - | - | १ | १ | ० | |
| १८ | कम्प्यूटर अधिकृत | रा.प.तृतीय | विविध | | | ११ | ११ | ० | |
| १९ | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पु.विज्ञान | - | १ | १ | ० | |
| २० | नायव सुव्वा | रा.प.अ.प्रथम | प्रशासन | राजस्व | - | ४० | ३३ | ७ | |
| २१ | नायव सुव्वा | रा.प.अ.प्रथम | प्रशासन | सा.प्रं | - | ३ | ३ | ० | |
| २२ | लेखापाल | रा.प.अ.प्रथम | प्रशासन | लेखा | - | ५ | ५ | ० | |
| २३ | कम्प्युटर अपरेटर | रा.प.अ.प्रथम | विविध | - | - | ३ | ३ | | |
| २४ | कार्टोग्राफर | रा.प.अ.प्रथम | विविध | - | - | १ | १ | ० | |
| २५ | सि. प्लम्वर | रा.प.अ.प्रथम | इन्जि. | सेनेटरी | - | १ | १ | ० | |
| २६ | सि. अफसेट प्रेसम्यान | रा.प.अ.प्रथम | शिक्षा | मुद्रण | - | १ | १ | ० | |
| २७ | खरिदार | रा.प.अ.द्वितीय | प्रशासन | राजस्व | - | ११ | ११ | ० | |
| २८ | लेखापाल | रा.प.अ.द्वितीय | प्रशासन | लेखा | - | ५ | ५ | ० | |
| २९ | ईलेक्ट्रीसियन | रा.प.अ.द्वितीय | इन्जि | ईले. | - | १ | १ | ० | |
| ३० | टेलिफोन अपरेटर | रा.प.अ.द्वितीय | विविध | | - | १ | १ | ० | |
| ३१ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | | - | ६ | ६ | ० | |
| ३२ | हेडगार्ड | रा.प.अ.द्वितीय | प्रशासन | | - | १ | १ | ० | |
| ३३ | सिनियर अफसेट प्रेस म्यान | रा.प.अ.द्वितीय | शिक्षा | मुद्रण | - | १ | १ | ० | |
| ३४ | लिथो सहायक | रा.प.अ.तृ. | विविध | | - | १ | १ | ० | |
| ३५ | हलुका सवारी चालक | विहिन | प्रा. | | - | १४ | १४ | ० | |
| ३६ | कार्यालय सहयोगी | विहिन | प्रशासन | | - | २५ | २५ | ० | |
| ३७ | माली | विहिन | प्रशासन | | - | २ | २ | ० | |
| ३८ | गार्ड | विहिन | प्रशासन | | - | ३ | ३ | ० | |
| | **जम्मा** | | | | | **२३४** | **२२३** | **११** | |

## ४ कार्य क्षेत्रः

नेपाल सरकार(कार्यविभाजन) नियमावली, २०६९ ले अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरुको कार्य सम्पादनका लागि निर्दिष्ट गरेका कार्यक्षेत्रहरु निम्न बमोजिम रहेका छन्:

१. आर्थिक तथा राजस्व नीति, आर्थिक प्रशासन र नियन्त्रण सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. आर्थिक विश्लेषण,

३. आर्थिक साधनको बाँडफाँड,

४. मुद्रा, मौद्रिक नीति निर्धारण र कार्यान्वयन,

५. नेपाल राष्ट्र बैंक, बैंकिङ्ग (नेपाल औद्योगिक विकास निगम समेत), वित्तीय संस्था तथा वीमा,

६. आय र व्यको विवरण (बजेट),

७. राजस्व नीति र योजना,

८. राजस्व प्रशासन तथा राजस्व संकलन,

९. राजस्व अनुसन्धान,

१०. सामान्य मूल्य नीति,

११. सामाजिक तथा आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय,

१२. आर्थिक, बैंकिङ्ग तथा मुद्रा विषयक अन्तर्राष्ट्रिय सम्पर्क समन्वय,

१३. वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता,

१४. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,

१५. सार्वजनिक ऋण तथा नियन्त्रण,

१६. तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, निवृत्तभरण, उपदान लगायत आर्थिक दायित्व र सेवा सुविधा सम्बन्धी विषय,

१७. सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, वोनस, लागनी र लाभांश सम्बन्धी नीति निर्धारण,

१८. विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय विकास संस्था तथा अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्था,

१९. सरकारी कोषको व्यवस्थापन, सञ्चालन तथा प्रशासन,

२०. लेखा नियन्त्रण तथा व्यवस्थापन,

२१. सार्वजनिक प्रतिष्ठानको निजीकरण, अनुगमन र नियमन,

२२. सार्वजनिक संस्थान प्रशासन, नीति निर्माण र समन्वय,

२३. राजस्व आर्थिक प्रशासन तालिम,

२४. पूँजी बजार,

२५. सार्वजनिक लगानी,

२६. महालेखा परीक्षकको कार्यालय,

२७. कर्मचारी सञ्चय कोष,

२८. नागरिक लगानी कोष,

२९. सार्वजनिक संस्थान निर्देशन बोर्ड,

३०. सम्पत्ति शुद्धीकरण,

३१. युवा स्वरोजगार सम्बन्धी,

३२. अवकाश कोष,

३३. नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

३४. नगर बिकास कोष

## ५ अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि बुंदा नं. (६) मा उल्लिखित कार्य क्षेत्र अन्तरगतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु ।

## ६ सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वरः

| सि.नं. | सचिवालय/महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय उप-प्रधानमन्त्री तथा अर्थमन्त्री | श्री कृष्ण बहादुर महरा | ४२११३९० |
| २. | सचिव | श्री शान्तराज सुबेदी | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री राजन खनाल | ४२११७७० |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री मधुकुमार मरासिनी | ४२११४०१ |
| ५. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री बैकुण्ठ अर्याल | ४२११३७१ |
| ६. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री बिष्णुप्रसाद नेपाल | ४२११३१५ |
| ७. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री लक्ष्मणप्रसाद अर्याल | ४२११३२६ |
| ८. | संस्थान समन्वय महाशाखा | सहसचिव श्री गणेशप्रसाद पाण्डे | ४२११३७७ |
| ९. | कानून तथा परामर्श महाशाखा | सहसचिव श्री चिरञ्जीवी खनाल | ४२११८१३ |
| १०. | वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | सहसचिव श्री आनन्दराज ढकाल | ४२११३०६ |
| ११. | अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री रामशरण पुडासैनी | ४२००४१८ |
| १२. | प्रशासन महाशाखा | सहसचिव श्री रामकृष्ण सुवेदी | ४२११३०० |

## ७ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

**(क) सूचना दिँदा लिनुपर्ने शुल्क**

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमल बतीस इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ ।

- सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ लाग्नेछ।
- माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन ।
- डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ लाग्नेछ ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ ।
- मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्यबमोजिम नै हुनेछ।
- तर अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन ।

**(ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका**

(१) नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिन्छ ।

(२) कुनै बैंकमा जम्मा गर्न लगाई सो को भौचर पेश गर्न लगाउन सकिन्छ ।

(३) सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिन्छ ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

(१) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध हुनेछ । कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।

(२) अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम ।

## ८ निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

(१) मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।

(२) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमाः
- मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- माननीय अर्थ मन्त्रीस्तरबाट
- अर्थ सचिवस्तरबाट
- सचिव(राजस्व) स्तरबाट
- माननीय अर्थ मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएका कामहरु ।
- सचिवले प्रत्यायोजन गरेको अधिकार वमोजिम तोकिएको कर्मचारीले ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा अर्थ सचिवले ।

## ९ निर्णय उपर उजुरी सुन्ने अधिकारीः

**क) अर्थ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः-**

प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम

**ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमाः-**

राष्ट्रिय सूचना आयोग

## १०. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### १०.१.समष्टिगत आर्थिक परिसूचक

- चालु आर्थिक वर्ष २०७३/७४ को लक्षित आर्थिक वृद्धिदर ६.५ प्रतिशत रहेको छ । यस आर्थिक वर्षको प्रथम ४ महिनाका आर्थिक परिसूचकहरुको विश्लेषणका आधारमा सरकारको विकास खर्चमा तुलनात्मक रुपमा बिस्तार हुने, औद्योगिक उत्पादनले गति लिन थालेको, पर्यटकीय गतिविधिमा चहलपहल बढ्नुका साथै वित्तिय र सञ्चार लगायतका समग्र सेवा क्षेत्रमा बिस्तार हुने देखिएको, अनुकूल मौसमी अवस्थाले समेत कृषि क्षेत्रतर्फ वर्षे वालीहरुको उत्पादन उत्साहजनक हुने देखिएको र भूकम्प पश्चात् पुन :निर्माणको कार्यले गति लिदै गएकोले लक्षित आर्थिक वृद्धिदर हासिल हुनसक्ने देखिएको छ ।
- यस आर्थिक वर्षको भाद्र महिनामा मुद्रास्फिती ७.९ प्रतिशत रहेकोमा असोज महिनामा ६.७ प्रतिशतमा रहेको छ । मौद्रिक उपकरणको प्रभावकारी प्रयोगका साथै आपूर्ति प्रणालीमा सहजता कायम गर्दै बजार अनुगमनलाई समेत सघन बनाउँदै लगिएकोले वार्षिक औसत उपभोक्ता मुद्रास्फिति लक्ष्यअनुरुप नै सीमाभित्र रहने देखिएको छ।
- कार्तिक महिनासम्म अन्य आर्थिक परिसूचकहरु निम्नानुसार रहेका छन् ।
  राजस्व परिचालन : लक्ष्यको १०७ %
  नेप्से परिसूचक (२०७३ कार्तिक) : १७०१.९१
  शोधनान्तर बचत (२०७३ असोज) : रु . १९ अर्ब ७० करोड
  सरकारी कोषको अवस्था : रु १९३ अर्ब ७४ करोड बचत
  विप्रेषण (असोज) : रु. १७१ अर्ब ८० करोड
  निर्यात (असोज) : रु. १८ अर्ब ९३ करोड

आयात (असोज) : रु २२० अर्ब ६८ करोड

व्यापार घाटा (असोज) : रु २०१ अर्ब ७५ करोड

## १०.२.बजेट कार्यान्वयन तथा सार्वजनिक खर्च व्यवस्थापन

- चालु आर्थिक बर्षको कुल बजेट रु १० खर्ब ४८ अर्ब ९२ करोड मध्ये २०७३ मंसिर २६ गते सम्म रु २ खर्ब १ अर्ब ६७ करोड खर्च भएको छ । सो मध्ये चालु खर्च रु. १ खर्ब ६५ अर्ब ७५ करोड , पुंजीगत खर्च रु २१ अर्ब ४७ करोड र वित्तीय व्यवस्था अन्तरगत रु १४ अर्ब ४३ करोड खर्च भएको छ । जसअनुसार बजेको तुलनामा चालु खर्च २६.८६% , पुंजीगत खर्च ६.८८% र वित्तीय व्यवस्था अन्तरगत १२.०५% खर्च भएको छ ।
- चालु आ.ब. को बजेट २०७३ जेठ १५ मा व्यवस्थापिका संसदमा प्रस्तुत गरी असार भित्र पारित भएको र अर्थ मन्त्रालयबाट साउन १ गते अगावै खर्चको अख्तियारी पठाइएको थियो । तथापि हालसम्मका खर्चको प्रबृत्ति हेर्दा आ.ब. शुरु हुनुभन्दा ४५ दिन अगाडि नै बजेट आएको सकारात्मक प्रभाव परेको देखिदैन ।
- चालु आर्थिक बर्षको बजेटमा रु १११ अर्ब आन्तरिक ऋण उठाउने अनुमान गरिएकोमा हालसम्म आन्तरिक ऋण उठाइएको छैन ।
- हालसम्म अर्थ मन्त्रालय विविध शिर्षकबाट तथा रकमान्तर गरी विभिन्न मन्त्रालय तथा परियोजनाहरुमा रु २२ अर्ब ४२ करोड ८२ लाख थप निकासा दिइएको छ ।
- माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्रीज्यूको अध्यक्षतामा बढी बजेट विनियोजन भएका मन्त्रालयहरु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय , सिंचाइ मन्त्रालय, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय , शिक्षा मन्त्रालय , स्वास्थ्य मन्त्रालय, कृषि विकास मन्त्रालय र पशुपंक्षी विकास मन्त्रालयका सचिवहरुसंग पहिलो ४ महिनाको पुंजीगत र विकास खर्चको अख्तियारी कार्यक्रम स्वीकृति ठेक्का पट्टा लगायत समग्र बजेट कार्यन्वयनको अवस्था बारे विस्तृत छलफल गरिएको । छलफलका क्रममा समस्या पहिचान गरी समाधानको लागि सकृय रही लक्ष्य बमोजिम खर्चको प्रगति हासिल गर्न उप-प्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूले निर्देशन दिनुभएको ।
- राष्ट्रिय गौरवका र प्राथमिकता प्राप्त २५ करोडभन्दा बढी परियोजना लागत भएका निर्माणाधिन परियोजनाहरुको समग्र बजेट बिनियोजन , ठेक्कापट्टाको स्थिति, खर्चको अवस्था त्यसको सबल र दुर्बल पक्षसमेतको स्थलगत अनुगमन गरी पृष्ठपोषण एवम् कार्ययोजना परिमार्जन समेत गर्न अनुगमन तथा मूल्याङ्कन महाशाखाका सहसचिवको संयोजगत्वमा ५ सदस्यीय अनुगमन टोलीको गठन भै अनुगमन शुरु भएको । यसैक्रममा उपत्यका सडक सुधार आयोजना (सडक बिभाग ) र व्यवसायिक कृषि तथा व्यापार आयोजनाको अनुगमन गरिएको ।
- लगानी आकर्षण गरी आयोजना कार्यान्वयनमा ल्याउन आयोजना बैक तयार गर्ने सिलसिलामा सम्बन्धित मन्त्रालयहरुसँग छलफल गरी सम्भावित आयोजनाको सूची तयार भैरहेको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूले व्यवस्थापिका-संसदमा मिति २०७३ भाद्र २३ गते गर्नुभएको सम्बोधनको कार्यान्वयन कार्ययोजनाको लागत अनुमान सहितको कार्यक्रम कार्यान्वयन तालिका निर्माण गरी कार्यान्वयन भइरहेको ।
- नेपाल सरकारको उच्च प्राथमिकतामा रहेका आयोजना/कार्यक्रमहरुलाई आर्थिक स्रोतको अभाव हुन नदिने गरी स्रोतको सुनिश्चतता प्रदान गरिएको ।

## १०.३. भूकम्प पछिको पुनर्निर्माण र नवनिर्माणका लागि बजेट व्यवस्थापन

- भूकम्पबाट क्षतिग्रस्त भएका बिद्यालय, स्वास्थ्य सं स्था , महत्वपर्ण सरकारी भवन लगायतका सार्वजनिक संरचनाहरु, विश्व सम्पदासूचीमा रहेका ऐतिहासिक एवम् पुरातात्विक महत्वका स्थल तथा पशुपति क्षेत्रका संरचनाहरुको पुनर्निर्माणका लागि रु. २१ अर्ब ५६ करोड ४८ लाख थप रकम निकासा दिइएको ।

- भूकम्प पीडितहरूलाई घर निर्माणका लागि २ प्रतिशतको व्याजदरमा कर्जा उपलव्ध गराउने व्यवस्था अन्तर्गत २०७३ कार्तिक मसान्तसम्म रु. १५ करोड ३८ लाख कर्जा प्रवाह भएको ।

## १०.४. राजश्व परिचालन र राजस्व चुहावट नियन्त्रण

- आ.व. २०७३/७४ को बार्षिक कुल राजस्व रु ५ खर्ब ६५ अर्ब ८९ करोड ६५ लाख लक्ष्य रहेको मध्ये २०७३ कार्तिक सम्मको लक्ष्य रु १५६ अर्ब ६० करोड रहेकोमा असुली १६८ अर्ब ३ करोड भई लक्ष्यको तुलनामा १०७ प्रतिशतले प्रगती भएको छ । यो असुली अघिल्लो वर्षको यसै अवधिको असुलीको तुलनामा ८१ प्रतिशतले बढी हो । अघिल्लो वर्षको यो अवधिमा अर्थतन्त्र असहज अवस्थामा रहेको कारणले राजस्व असुली न्यून रहेको हुँदा गत वर्षको राजस्व असुलीको तुलनामा यस वर्षको राजस्व असुलीको बृद्धि बढी देखिएको हो ।
- यस अवधिमा व्वस्थापिका संसदबाट आर्थिक ऐन, २०७३ पारित भई सम्मानानीय राष्ट्रपति ज्यूबाट प्रमाणिकरणा भैसकेको छ ।
- आर्थिक वर्ष २०७३/७४ को वजेट बक्तब्यमा उल्लिखित राजस्व नीति तथा कार्यक्रमहरुको कार्यन्वयन कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईएको ।
- "भन्सार कार्यविधिहरुको सरलिकरण तथा सामञ्जस्यीकरण सम्वन्धि अन्तर्राष्ट्रिय महासन्धि संशोधन गर्ने प्रोटोकल (International Convention on the Simplification and Harmonization of Customs Procedures, as Amended) " व्यवस्थापिका-संसदबाट अनुमोदन भएको ।
- राजस्व छुट सम्वन्धी विषयलाई व्यवस्थित गर्न राजस्व छुट सम्बन्धी विद्युतीय प्रणाली **(software)** कार्यान्वयनमा ल्याईएको ।
- व्यापार सहजीकरण गर्न र व्यापार लागत न्युनिकरण गर्न वेभमा आधारित **ASYCUDA** प्रणाली कार्यान्वयन गर्ने कार्यलाई बिस्तार गरिएको ।
- भन्सार बिन्दु तथा आन्तरिक बजारमा हुनसक्ने न्युनबिजकीकरण नियन्त्रण गर्न न्यून विजकीकरण भएका सामाग्रीहरु खरिद गर्ने कार्य प्रारम्भ गरिएको ।
- राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाउन यस अवधिमा १४१० करदाताको बजार अनुगमन तथा ३४७ पटक राजस्व गस्ति परिचालन गरी थप ६० करोड ४० लाख कर निर्धारण गरिएको ।
- करको दायरा बढाई राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन आयकर तर्फ ७५८८६ र मुल्य अभिवृद्धि कर तर्फ ५१२६ थप करदातालाई करको दायरामा ल्याईएको ।
- बार्षिक रु ४० लाख भन्दा बढी व्यक्तिगत आयआर्जन गर्नेहरुले अनिबार्य रुपमा आयविवरण दाखिला गर्ने बिद्युतीय प्रणालीको बिकास गरी कार्यान्वयनमा ल्याइएको ।
- मुल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुले रु १ लाख भन्दा बढिको खरिद/ बिक्री कारोवारको विवरण कर विवरणका साथ पेश गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिएको ।

## १०.५. अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन

- विभिन्न दातृनिकायहरुसंग विभिन्न ८ वटा आयोजनाका लागि रु १ खर्व ९ अर्व ३० करोड ९१ लाख वरावरको वैदेशिक सहायता प्राप्त गर्ने गरी संझौता भएको । सो सम्झौताअनुसार कुल प्राप्त हुने सहायतामा अनुदानको अंश २७.२७ प्रतिशत रहेको ।
- गत वर्षको भूकम्पका कारणले माथिल्लो त्रिशुली ३ए जलविद्युत आयोजनाको काम समयमा सम्पन्न हुन नसकेको र ऋण प्रदान गर्ने समय (loan availability period) समेत समाप्त हुन लागेको अवस्था रहेकोले परियोजना निर्माण कार्यलाई नियमित गर्न सो ऋणको Availability period, Grace Period, Maturity Period को म्याद थप गर्न

समन्वय गरिएको तथा माथिल्लो त्रिशुली जलबिद्युत आयोजनाको आयोजना बिकास सम्झौता (PDA) मा सहमति दिइएको ।

- माननीय उप प्रधानमन्त्री तथा अर्थ मन्त्री श्री कृष्ण वहादुर महरा ले विश्व बैंक र IMF को Governing Council को बैठकमा सहभागी भई भूकम्प पछिको पुनर्निर्माणको प्रगति सम्बन्धमा विश्व बैंकका उपाध्यक्ष सहितको टोलीसमक्ष नेपालको तर्फबाट प्रस्तुतिकरण गरिएको र यसबाट दातृ निकायहरु सकारात्मक भइ यस क्षेत्रमा सहयोग गर्न तत्परता देखाएका ।

## १०.६. मौद्रिक तथा बित्तिय क्षेत्र व्यवस्थापन

- वाणिज्य बैंकहरूले विपन्न वर्गमा प्रवाह गर्ने कर्जामध्ये २ प्रतिशत कर्जा बैक स्वयमले प्रत्यक्ष रुपमा बिपन्न वर्गमा लगानी गर्नु पर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी, व्यावसायिक कृषि परियोजनाको धितोमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने रु. १० लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्था मिलाइएको ।
- समष्टिगत विवेकशील नियमनमार्फत वित्तीय स्थायित्व कायम गर्न वाणिज्य वैंकहरूले कुल निक्षेपमा संस्थागत निक्षेपको अंश घटाउने, शेयरको धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको सुरक्षण वापत शेयरको मूंल्याङ्कन कम गर्ने, रियल स्टेट कर्जा र त्यसको सुरक्षणबीचको अनुपात घटाउने, नगद कारोबारको सीमा कम गर्ने जस्ता व्यवस्था कार्यान्वयनमा ल्याइएको छ ।
- २०७२ बैशाखको भूकम्पबाट अति प्रभावित काठमाडौं उपत्यका बाहेकका जिल्लाहरूमा रहेका बैक तथा बित्तिय संस्थाका शाखा स्वीकृत स्थानमा रहन असुविधा हुन गएमा सोही जिल्लाको उपयुक्त स्थानमा स्थानान्तरण गर्न राष्ट्र बैंकको स्वीकृत लिनु नपर्ने व्यवस्था मिलाइएको ।
- बैंक तथा वित्तीय संस्थाले रु. ३० लाख वा सोभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत भुक्तानी गर्नु पर्ने व्यवस्था मिलाइएको । साथै, फर्म, कम्पनी, संस्था वा कार्यालयको नाममा जारी गरिएका चेकहरूको भुक्तानी समेत एकाउन्टपेयी हुनुपर्ने व्यवस्था गरिएको ।
- बीमकको संस्थागत सुशासन निर्देशिका, २०७३ लागु भएको, लघु बीमालाई निम्न आयस्तर भएका जनता समक्ष पुर्यामउनका लागि ७५ रै जिल्लामा लघु बिमा कार्यक्रम विस्तार गर्ने कार्य प्रारम्भ हुनाका साथै बीमा व्यवसाय सम्बन्धी एकिकृत तथ्याङ्क संकलनका लागि एकिकृत सूचना प्रणाली समेत लागू गरिएको ।
- सार्वजनिक ऋण व्यवस्थापनलाई प्रभावकारी तुल्याउन सार्वजनिक ऋण व्यवस्थापन महाशाखा गठन गर्न O & M Survey गरी Software खरिदको प्रक्रिया अगाडि बढाइएको ।
- वित्तिय पहुँचको अभिवृद्धि गर्न मध्यपश्चिम तथा सुदूरपश्चिम क्षेत्रका साथै भूकम्पबाट अति प्रभावित क्षेत्रमा बैंक तथा वित्तिय संस्थाका शाखा खोल्ने, बिस्तारित कक्ष (Extension Counter) र शाखारहित बैकिङ्ग (Branchless Banking) सुविधा पु-याउने कार्यलाई तीव्रता दिइएको छ ।

## १०.७. कानुन तर्जुमा तथा संशोधन

- निक्षेप तथा कर्जा सुरक्षण कोष विधेयक, २०७२, बैंकिङ्ग कसूर तथा सजाय (पहिलो संशोधन) विधेयक, २०७१, कर्मचारी संचयकोष (नवौं संशोधन) विधेयक, २०७१, लेखापरीक्षण (पहिलो संशोधन) विधेयक, २०७१, आर्थिक विधेयक, २०७३ , राष्ट्र ऋण उठाउने विधेयक , २०७३, ऋण तथा जमानत (एक्काइसौं संशोधन) विधेयक , २०७३, नेपाल राष्ट्र बैंक (दोस्रो संशोधन) विधेयक, २०७१ व्यवस्थापिका संसदबाट पारित भएको ।

- बोनस (पांचौं संशोधन) विधेयक, २०७३, मन्त्रिपरिषदबाट स्वीकृत भइ व्यवस्थापिका संसदमा पेश गर्ने प्रकियामा रहेको तथा संपत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग ) निवारण नियमावली , २०७३ मन्त्रिपरिषदबाट स्वीकृत भइ कार्यान्वयको चरणमा रहेको ।
- योगदानमुलक निवृत्तिभ रण सम्बन्धि कानुनको मस्यौ दा तर्जुमा गरी सहमतिको लागि कानुन मन्त्रालयमा पठाइएको ।
- संघीय आर्थिक कार्यविधि सम्बन्धी विधेयक(धारा १२५) को मसौदा तयार भैसकेको ।
- संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा वित्तीय अनुशासन सम्बन्धी विधेयक(धारा ६० (६) , अन्तर सरकारी वित्तीय व्यवस्थापन विधेयक, नेपाल सरकारले संघीय संचित कोषबाट प्रदान गर्ने सशर्त, समपूरक र विशेष अनुदान सम्बन्धी विधेयक (धारा ६०(६) , प्रदेश र स्थानीय तहको बजेट पेश गर्ने समय सम्बन्धी विधेयक (धारा ५९ (३) , वित्तीय अनुशासन सम्बन्धी विधेयक (धारा ६० (६) , कर संहिता ( Tax Code) विधेयक (बजेट वक्तव्य २०७३ /०७४) , राजस्व बोर्ड गठन विधेयक (बजेट वक्तव्य २०७३ /०७४) मसौदा तर्जुमा भैरहेको ।

## १०.८. सार्वजनिक संस्थान व्यवस्थापन

- कुनै बित्तिय संस्थाले लगानी गर्न इच्छुक भएको अवस्थामा ऋण तथा जमानत ऐन, २०२५ को परिधिभित्र रही नेपाल बायुसेवा निगमलाइ २ थान wide Body वायुयान खरीद गर्न सहमति प्रदान गरिएको ।
- निजिकरण समितिको बैठक बसी हेटौडा कपडा उद्योग, बुटवल धागो कारखाना, बीरगन्ज चिनी कारखाना जस्ता बन्द भएका उद्योगहरु पुर्नसंचालन गर्ने र रुग्ण अवस्थामा रहेको गोरखकाली रबर उद्योगको सुधार सम्बन्धमा प्रक्रिया अगाडि बढाइएको ।
- सार्वजनिक संस्थानको व्यवस्थापन तथा संचालन र संस्थानहरुबाट वितरण हुने सेवा प्रवाहलाइ चुस्त दुरुस्त र थप प्रभावकारी बनाउने सम्बन्धमा अर्थ मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय , उद्योग, बाणिज्य, आपुर्ति, कृषि मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालय लगायत अन्य सरोकारवाला निकाय समेतको सहकार्य र समन्वयमा अध्ययन गरी प्रतिबेदन पेश गर्न एक कार्यदल गठन गरी अध्ययन कार्य भइरहेको ।

## १०.९ अन्य

- वृत्ति विकासलाई कार्यसम्पादनसँग आवद्ध गर्ने सम्बन्धमा विभा गीय प्रमुख तथा कार्यालय प्रमुखहरुसंग कार्य सम्पादन सम्झौता गरी एको र सोही वमोजिम ती पदाधिकारीहरुको कार्य सम्पादन मूल्यांकन गर्ने प्रणालीको विकास गरीएको ।
- गरिवका लागी सरकार सम्बन्धि अवधारणापत्र तयार गरि राष्ट्रिय योजना आयोगमा पठाईएको छ ।
- सम्पत्ति शुद्धिकरण निवारणको कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप तुल्याउने क्रममा आगामी दिनमा यस सम्बन्धी हुने सम्पादित कार्यको मूल्याङ्कन **पूर्व नै नेपालको अवस्थाको स्व -मुल्यांकन गर्न बिषयगत समिति बनाई कार्य अगाडि बढाइएको ।**
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट यस अवधिमा प्राप्त हेलो सरकारसँग सम्बन्धित २२४ वटा गुनासाहरु मध्ये २२१ वटा फर्छ्यौट गरिएको ।

## १०.१३ आ.ब. २०७३/७४ कार्तिक महिनासम्मको राजस्व असुलीको अवस्था

*प्रारम्भिक* (रु.हजारमा)

| सि.नं. | कर शिर्षक | वार्षिक लक्ष्य (२०७३/०७४) | २०७२/७३ को असूली | | २०७३/७४ कार्तिकको | | २०७३/७४ कार्तिकसम्मको | | वार्षिक लक्ष्यको तुलनामा % | चालु आ.ब.को कार्तिक महिनाको लक्ष्यका तुलनामा | चालु आ.व.को कार्तिक महिनासम्मको लक्ष्यका तुलनामा | गत बर्षको यस अवधिको तुलनामा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्तिक को | कार्तिक सम्मको | लक्ष्य | असूली | लक्ष्य | असूली | | | | |
| १. | **भंसार महशुल** | **१०४,७४०,०६८** | **२९२६७३३** | **१६५५६२९८** | **८,३७९,२०५** | **९५२७८२३** | **३१,४२२,०२०** | **३७०९५७४५** | **३५.४२** | **११३.७१** | **११८.०६** | **१२४.०६** |
| | पैठारी | ९१,८७३,०२१ | २७१०५५३ | १५५९५२६९ | ७,३४९,८४२ | ८४६३२१९ | २७,५६१,९०६ | ३३३२२२६६ | ३६.२७ | ११५.१५ | १२०.९० | ११३.६७ |
| | निकासी | ९८९,४१३ | ६१८९ | १००६५७ | ७९,१५३ | ५४३९ | २९६,८२४ | २७२६७ | २.७६ | ६.८७ | ९.१९ | -७२.९१ |
| | पुर्वाधार कर | ७,३६१,३०६ | ० | ० | ५८८,९०४ | ७२१७४९ | २,२०८,३९२ | २४९७३२९ | ३३.९३ | १२२.५६ | ११३.०८ | |
| | भन्सारको अन्य आय | ६०९,७७७ | १२१६० | २८२९४७ | ४८,७८२ | २८७९० | १८२,९३३ | ११५०२६ | १८.८६ | ५९.०२ | ६२.८८ | -५९.३५ |
| | कृषि सुधार शुल्क | ३,९०६,५५१ | १९७८३१ | ५७७४२५ | ३१२,५२४ | ३०८६२६ | १,१७१,९६५ | ११३३८५७ | २९.०२ | ९८.७५ | ९६.७५ | ९६.३६ |
| २. | **मूल्य अभिबृद्धि कर** | **१६४,७२०,३८०** | **५६३०४३७** | **२९२१३२१२** | **१२,५८४,३४३** | **१३०९३११२** | **५०,००९,४०२** | **५०८९९८८७** | **३०.९०** | **१०४.०४** | **१०१.७८** | **७४.२४** |
| | उत्पादन, विक्री, सेवा | ५९,३२८,७५४ | २९३९३३० | १४७८०१२४ | ४,१५३,०१३ | ४६२९३७५ | १८,३९१,९१४ | १९२६१०६० | ३२.४६ | १११.४७ | १०४.७३ | ३०.३२ |
| | पैठारी | १०५,३९१,६२६ | २६९११०७ | १४४३३०८८ | ८,४३१,३३० | ८४६३७३७ | ३१,६१७,४८८ | ३१६३८८२७ | ३०.०२ | १००.३८ | १००.०७ | ११९.२१ |
| ३. | **अन्तःशुल्क** | **८०,९४२,६२६** | **२३४७८२६** | **१२५६३३८८** | **६,०२५,१५८** | **७७०२८५७** | **२३,८३२,५३६** | **२९५७५२००** | **३६.५४** | **१२७.८४** | **१२४.१०** | **१३५.४१** |
| | आन्तरिक उत्पादन | ४५,०२५,२३२ | १७६७१७० | ७५५८६४२ | ३,१५१,७६६ | ३८००६७३ | १३,०५७,३१७ | १३०९३७७० | २९.०८ | १२०.५९ | १००.२८ | ७३.२३ |
| | पैठारी | ३५,९१७,३९४ | ५८०६५६ | ५००४७४६ | २,८७३,३९२ | ३९०२१८४ | १०,७७५,२१८ | १६४८१४३० | ४५.८९ | १३५.८० | १५२.९६ | २२९.३२ |
| ४ | स्वास्थ्य सेवा शुल्क | **९६८,९४३** | **११९७९** | **१९९०७८** | **१९,३७९** | **१९७४५** | **३१०,०६२** | **२६१४२१** | **२६.९८** | **१०१.८९** | **८४.३१** | **३१.३२** |
| ५ | **शिक्षा सेवा शुल्क** | **७५६,२४८** | **२८९७९** | **१५९६२६** | **३७,८१२** | **३२६६०** | **२१९,३१२** | **२०६७४५** | **२७.३४** | **८६.३७** | **९४.२७** | **२९.५२** |
| ६ | **आयकर** | **१२७,५२२,३४०** | **३८४०१५२** | **१८६९६९०३** | **८,६६७,६२७** | **५५५३८१७** | **२४,३३६,४९१** | **२२७८७५११** | **१७.८७** | **६४.०८** | **९३.६४** | **२१.८८** |
| | आयकर | ११४,१८९,८३० | २४७२३४१ | १३६७०१८५ | ६,८५१,३९० | ४१०५३४० | १९,४१२,२७१ | १८४५६६६८ | १६.१६ | ५९.९२ | ९५.०८ | ३५.०१ |
| | घरजग्गा वहालकर | ३,७५२,४१० | १४९८१९ | ९५७०१६ | १८७,६२१ | २००५७६ | ९००,५७८ | १०८७७५२ | २८.९९ | १०६.९१ | १२०.७८ | १३.६६ |
| | व्याजकर | ९,५८०,१०० | १२१७९९२ | ४०६९७०२ | १,६२८,६१७ | १२४७९०१ | ४,०२३,६४२ | ३२४३०९१ | ३३.८५ | ७६.६२ | ८०.६० | -२०.३१ |
| ७ | **रजिष्ट्रेशन दस्तुर** | **१४,०४२,३९७** | ६९२११४ | **२००६११४** | **१,१२३,३९२** | **१३७०८८६** | **३,३७०,१७५** | **५८५०५०८** | ४१.६६ | १२२.०३ | १७३.६० | १९१.५१ |
| ८ | **सवारी साधन कर** | **७,५४०,८७६** | २६२७०० | **१३७४७४३** | **८२९,४९६** | **७५५३९५** | **३,२४२,५७७** | **३११३८८४** | ४१.२९ | ९१.०७ | ९६.०३ | १२६.५१ |
| ९ | **अन्य कर** | **९,३५७,९५४** | ० | **६६६८५८** | **८४२,२१६** | **२२३८८२** | **३,२७५,२८४** | **३४११८००** | ३६.४६ | २६.५८ | १०४.१७ | ४११.६२ |
| | **जम्मा कर राजश्व** | **५१०,५९१,८३२** | **१५७४१०००** | **८१४३७१००** | **३८,५०८,६२९** | **३८२८०१७७** | **१४०,०१७,८५८** | **१५३२०२७०१** | ३०.०० | ९९.४१ | १०९.४२ | ८८.१२ |
| १० | **जम्मा गैर कर राजश्व** | **५५,३०४,६६८** | **११६७९००** | **१११३३१००** | **३,३१८,२८०** | **२०१४१००** | **१६,५९१,४००** | **१४८३६५००** | २६.८३ | ६०.७० | ८९.४२ | ३३.२६ |
| | **कूल राजश्व** | **५६५,८९६,५००** | **१६९०८९००** | **९२५७०२००** | **४१,८२६,९०९** | **४०२९४२७७** | **१५६,६०९,२५९** | **१६८०३९२०१** | २९.६९ | ९६.३४ | १०७.३० | ८१.५३ |

## ११. महाशाखागत उपलब्धिहरु

### ११.१. सार्वजनिक व्यवस्थापन एवं सामान्य प्रशासनः

- महाशाखाको आ.व. २०७३/०७४ का लागि मासिक एवं वार्षिक कार्ययोजना तयार गरी सो अनुसार कार्यान्वयनतर्फ अग्रसर ।
- निजामती सेवा नियमावली, २०५० बमोजिम तोकिएको क्यालेण्डर एवं सरुवा निर्देशिका अनुसार विभिन्न पदहरुको सरुवा तथा पदस्थापन व्यवस्थापन गरिएको ।
- विभिन्न पदहरुको  आ.व. २०७२/०७३ को का.स.मू. को कार्य सम्पन्न गरी सम्बन्धित निकायहरुमा पठाइएको ।
- सुरुची ट्राभल्स एण्ड टुर्स एण्ड ट्राभल्ससँग हवाइ टिकट खरिद लगायत अन्य वस्तु तथा सेवा खरिदका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिमका प्रक्रियाहरु अवलम्बन गरी आ.व.२०७३/०७४ का आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाईएको ।
- आ.व. २०७२/०७३ को सम्पत्ति विवरण संकलन गरी सम्बन्धित निकायमा पठाइएको ।
- यस मन्त्रालय वा अन्तरगत विभागहरुको विभिन्न रिक्त पदहरुको पूर्ति गर्नका लागि श्री सामान्य प्रशासन मन्त्रालय मार्फत लोकसेवा आयोगमा माग आकृति फाराम भरी माग गरिएको ।
- मन्त्रालयको भवनमा पर्याप्त स्थानको अभावलाई परिपूर्ति गर्न कुनै महाशाखालाई नयाँ संरचना प्रिफेव निर्माण गरी स्थानान्तर गर्न आवश्यक प्रकृया अगाडि बढाइएको ।
- जिन्सी सामानको निरीक्षण अवलोकन गरी वास्तविक वस्तुगत विवरणसहितको प्रतिवेदन तयार गरिएको ।

### ११.२ राजस्व व्यवस्थापन महाशाखा

- आर्थिक वर्ष २०७३।७४ को राजस्वको लक्ष्य रु ५६५ अर्ब ८९ करोड रहेको छ । यो लक्ष्य अघिल्लो वर्षको लक्ष्यको तुलनामा १९.२ प्रतिशत र असुलीको तुलनामा १७.३  प्रतिशतले बढी हो ।
- २०७३ कार्तिक सम्मको लक्ष्य रु १५६ अर्ब ६० करोड रहेकोमा असुली १६९ अर्ब ६ करोड भई लक्ष्यको तुलनामा १०८ प्रतिशतले प्रगती भएको छ  । यो असुली अघिल्लो वर्षको यसै अवधिको लक्ष्यको तुलनामा २९.४ प्रतिशत र असुलीको तुलनामा  ८२.७  प्रतिशतले बढी हो ।अघिल्लो वर्षको यो अवधिमा अर्थतन्त्र असहज अवस्थामा रहेको कारणले राजस्व असुली न्यून रहेको हुँदा गत वर्षको राजस्व असुलीको तुलनामा यस वर्षको राजस्व असुलीको बृद्धि बढी देखिएको हो ।
- मन्त्रालय अन्तर्गतका ५ वटै विभागका विभागिय प्रमुखहरु संग कार्यसम्पादन सम्झौता गरिएको,
- राजस्व चुहावट नियन्त्रणका लागि बजार अनुगमन तथा गस्ति परिचालन कार्यलाई प्रभावकारी रुपमा संचालन गरिएको,
- भन्सार कार्यालयहरुमा  Asycuda World system विस्तारको क्रममा मेची भन्सारको अतिरिक्त सुख्खा बन्दरगाह भन्सार कार्यालय  बीरगंजमा समेत कार्यान्वयनमा ल्याइएको,
- न्यून विजीकरण भएका वस्तुहरु खरीद सम्बन्धी  कार्यविधि तयार भई खरिद प्रक्रिया सुरु हुने अवस्थामा रहेको, हालसम्म त्रि.वि. भन्सार कार्यालयबाट यूरो २० ,१७६। र भा. रु. १,१३,७००। बराबरको सामान खरीद भएको
- यस अवधिमा आयकर तर्फ ७५८८६ र मुल्य अभिवृद्धि कर तर्फ ५१२९ थप करदातालाई करको दायरामा ल्याईएको,

### ११.३ आर्थिक नीति विश्लेषण महाशाखाः

- नेपालको समष्टिगत आर्थिक नीतिको मस्यौदा तयार गर्न अवधारणा पत्र तयार भएको ।
- सार्वजनिक बित्तमा सार्वजनिक खर्चको प्रभावको अध्ययन गर्न अवधारणा पत्र तयार भएको
- बिप्रेषणको आप्रवाह र अर्थतन्त्रमा यसको प्रभाव सम्बन्धी पछिल्लो स्थितिको बिश्लेषण गरि सुझाव प्रतिवेदन उपर छलफल भएको ।
- प्रस्तावित Public Debt Mobilization का लागि Issue Calender बनाउने कार्य भईरहेको ।
- आर्थिक सर्वेक्षणको प्रस्तुतीको खाकामा स्तरीकरण गरि तयार गर्ने कार्य भईरहेको ।
- Macroeconomic Indicators का भाद्र सम्मका सूचना एवं तथ्याँक संकलन गरि Dash Board मा अध्यावधिक गरिएको ।
- Economic and Financial Monitoring System को अवधारणा पत्र तयार भएको ।
- A Study on Foreign Direct Investment in Nepal, Opportunities and Challenges बिषयक अध्ययनको लागि अवधारणा पत्र तयार भएको ।
